नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

# कोरोना भाईरस (कोभिड-१९) को संक्रमणको उपचार बापत अस्पताललाई अनुदान उपलब्ध गराउने सम्बन्धी आदेश, २०७७

**प्रस्तावना**: कोरोना भाइरस (कोभिड-१९) को संक्रमणको पहिचान, रोकथाम, नियन्त्रण र उपचारमा संलग्न निजी, गैरसरकारी, सहकारी, तथा सामुदायिक अस्पताललाई कोरोना शंकास्पद तथा संक्रमित बिरामीको उपचार गर्दा लागेको खर्च बापत नेपाल सरकारले प्रदान गर्ने अनुदान रकमलाई व्यवस्थित गर्न वाञ्छनीय भएकोले,

संक्रामक रोग ऐन, २०२० को दफा २ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको आदेश जारी गरेको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस आदेशको नाम "कोरोना भाईरस (कोभिड-१९) को संक्रमणको उपचार बापत अस्पतालहरूलाई अनुदान उपलब्ध गराउने सम्बन्धी आदेश, २०७७" रहेको छ ।

(२) यो आदेश नेपाल राजपत्रमा प्रकाशन भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. परिभाषाः बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस आदेशमा,-

(क) "अस्पताल" भन्नाले कोभिड-१९ को संक्रमणको उपचारका लागि मन्त्रालयमा सूचिकृत भएका सरकारी अस्पताल बाहेकका निजी, गैरसरकारी, सहकारी, तथा सामुदायिक अस्पताल सम्झनु पर्छ ।

(ख) "अनुदान" भन्नाले कोभिड-१९ का शंकास्पद तथा पुष्टि भएका बिरामीको उपचार गरे बापत अस्पताललाई यस आदेश बमोजिम उपलव्ध गराइने अनुदान रकम सम्झनु पर्छ ।

(ग) "कोभिड-१९" भन्नाले SARS-COV-2 भाइरसले गर्ने संक्रमणबाट मानिसलाई हुने रोग सम्झनु पर्छ ।

(ङ) "बिरामी" भन्नाले कोभिड-१९ को संक्रमणको शंका लागि अस्पतालले आईसोलेसनमा भर्ना गरी उपचार गरेका वा कोभिड-१९ को संक्रमणको पुष्टि भई अस्पतालमा भर्ना भई उपचार गराएका बिरामी सम्झनु पर्छ ।

(च) "मन्त्रालय" भन्नाले स्वास्थ्य तथा जनसंख्या मन्त्रालय सम्झनु पर्छ ।

(छ) "लागत रकम" भन्नाले बिरामीलाई उपचार गर्दा लाग्ने प्रतिव्यक्ती खर्च भनी मन्त्रालयले निर्धारण गरेको रकम सम्झनु पर्छ ।

(ज) "विभाग" भन्नाले स्वास्थ्य सेवा विभाग सम्झनु पर्छ ।

३. <u>उपचार सम्बन्धी व्यवस्थाः</u> (१) कोभिड-१९ को शंकास्पद बिरामीको पहिचान, रोकथाम, नियन्त्रण तथा उपचार सम्भव भएसम्म सरकारी अस्पतालबाटै गरिनेछ र सरकारी अस्पतालबाट मात्र सेवा उपलब्ध गराउन नसकिने अवस्थामा सरकारी अस्पताल बाहेकका निजी, गैर सरकारी, सहकारी तथा सामुदायिक लगायतका अस्पतालबाट उपचार सेवा प्रदान गर्ने व्यवस्था मिलाउन सकिनेछ ।

(२) सरकारी अस्पताल वा निजी, गैरसरकारी, सहकारी वा सामुदायिक अस्पतालबाट कोभिड-१९ को संक्रमणको उपचार निःशुल्क रुपमा गरिनेछ ।

४. <u>अनुदान उपलब्ध गराइने</u>ः (१) कोभिड-१९ का संक्रमित तथा आशंकित बिरामीलाई उपचार गरे बापतको लागत रकम त्यस्तो उपचार गर्ने दफा ६ बमोजिम सूचिकृत अस्पताललाई अनुदानको रुपमा उपलव्ध गराईनेछ ।

(२) अनुदान रकम अस्पतालले कोभिड-१९ का संक्रमित बिरामीलाई उपचार गरिसकेपछि सोधभर्ना स्वरुप एकमुष्ठ रुपमा विभागबाट उपलब्ध गराइनेछ ।

५. <u>लागत रकमको निर्धारणः</u> (१) कोभिड-१९ को शंकास्पद तथा पुष्टि भएका बिरामीलाई उपचार गर्दा लाग्ने प्रति बिरामी लागत रकम नेपाल सरकारले निर्धारण गरे बमोजिम हुनेछ।

(२) लागत रकम निर्धारण गर्दा मन्त्रालयले सम्बन्धित विशेषज्ञसँग परामर्श गर्न सक्नेछ ।

(३) लागत रकम निर्धारण गर्दा उपचारमा संलग्न जनशक्तिलाई प्रदान गरिने तलब भत्ता लगायतको सेवा सुविधा तथा स्थायी तथा खेर नजाने र पुनः प्रयोग गरिने स्वास्थ्य सामाग्री तथा औजार उपकरणको लागत समावेश गरिने छैन ।

(४) लागत रकम निर्धारण गर्दा कोभिड-१९ को शंकास्पद तथा पहिचान भईसकेका बिरामीलाई उपचार गर्न प्रयोग हुने औषधि, एकपटक प्रयोग गरे पश्चात पुनः प्रयोग गर्न नमिल्ने स्वास्थ्य सामाग्री तथा भर्ना भएका बिरामीलाई उपलब्ध गराइएको खाना खर्च समावेश गर्नु पर्नेछ ।

६. <u>अस्पताल सूचीकृत गर्ने</u>ः (१) कोभिड-१९ को शंकास्पद तथा पहिचान भईसकेका बिरामीलाई उपचार गर्ने प्रयोजनका लागि अस्पतालको जनशक्ति, पूर्वाधार तथा अन्य क्षमताका दृष्टिले सक्षम देखिएका

अस्पताललाई काठमाडौं उपत्यकाको हकमा मन्त्रालयले र उपत्यका बाहिरको हकमा सम्बन्धित प्रदेशको सामाजिक विकास मन्त्रालयले सूचीकृत गर्नेछ।

(२) मन्त्रालय र सम्बन्धित प्रदेशको सामाजिक विकास मन्त्रालयले उपदफा (१) बमोजिम सूचिकृत भएको व्यहोरा सम्बन्धित अस्पताललाई जानकारी गराई सार्वजनिक गर्नु पर्नेछ ।

(३) मन्त्रालय र सम्बन्धित प्रदेशको सामाजिक विकास मन्त्रालयले उपदफा (१) बमोजिम सूचिकृत भएको अस्पतालको विवरण अद्यावधिक गरी राखु पर्नेछ।

७. <u>अनुदान प्राप्त गर्ने प्रकृया</u>ः (१) यस आदेश बमोजिमको अनुदान प्राप्त गर्न सूचिकृत अस्पतालले आवश्यक बिल भरपाई संलग्न गरी सोधभर्नाका लागि अनुसूची-१ बमोजिमको ढाँचामा काठमाडौ उपत्यकाको हकमा विभाग समक्ष र प्रदेशको हकमा सम्बन्धित प्रदेशको सामाजिक विकास मन्त्रालयले तोकेको निकाय समक्ष निवेदन दिनु पर्नेछ ।

(२) प्रदेशमा सूचिकृत अस्पतालले यस आदेश बमोजिमको अनुदान प्राप्त गर्ने सम्बन्धमा सम्बन्धित प्रदेशको सामाजिक विकास मन्त्रालयले निर्णय गरे बमोजिम हुनेछ।

(३) उपदफा (१) बमोजिम सोधभर्ना दाबिको लागि निवेदन दिँदा उपचाररत बिरामी डिस्चार्ज भएको तीन महिनाभित्र दिईसक्नु पर्नेछ ।

(४) उपदफा (१) बमोजिमको निवेदन विभाग समक्ष प्राप्त हुन आएमा निवेदकले पेश गरेको विवरण ठिक भए, नभएको यकिन गरी विवरण ठिक र आधिकारीक देखिएमा विभागले अनुदान रकम उपलव्ध गराउन निर्णय गर्नेछ ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनी विभागले आवश्यक देखेमा अस्पतालले पेश गरेको विवरण एकिन गर्न स्थलगत निरीक्षण गर्न वा सम्बन्धित विज्ञ वा कर्मचारीबाट जाँचबुझ गराउन सक्नेछ ।

(६) उपत्यका भित्रका अस्पतालको हकमा विभागले र प्रदेशको हकमा सामाजिक विकास मन्त्रालयले तोकेको निकायले सम्बन्धित अस्पताललाई अनुदान रकम भुक्तानी गर्नेछ ।

८. <u>अनुदान रकमको भुक्तानी</u>ः (१) विभागले अनुदान रकमको भुक्तानीको लागि आवश्यक पर्ने एकमुष्ट रकम माग गरी मन्त्रालयमा पठाउनु पर्नेछ र मन्त्रालयले त्यस्तो रकम निकासाका लागि अर्थ मन्त्रालयमा लेखि पठाउने छ । प्रदेशको हकमा सम्बन्धित प्रदेश सरकारले निर्णय गरेबमोजिम हुनेछ ।

(२) विभागबाट अनुदान रकम उपलब्ध गराउने गरी निर्णय गरेको मितिले एक महिना भित्र अस्पतालहरुलाई अनुदान बापतको रकम एकमुष्ठ सोधभर्ना भुक्तानी गर्नु पर्नेछ ।

(३) अनुदान रकम अस्पतालको बैंक खाता मार्फत भुक्तानी गर्नु पर्नेछ ।

(४) अनुदान उपलब्ध गराउँदा वस्तुगत सहायता वा उपलब्ध सहयोगलाई कट्टा गरी बाँकी रकम मात्र भुक्तानी गर्नु पर्नेछ ।

(५) बिभागमा प्राप्त रकमबाट भुक्तानी गर्न नपुग भएमा विभागले मन्त्रालय मार्फत अर्थ मन्त्रालयमा रकम माग गरी पठाउनु पर्नेछ ।

(६) उपदफा (१) र (५) बमोजिम रकम माग भई आएमा अर्थ मन्त्रालयले रकम उपलब्ध गराउनेछ ।

९. अनुगमन गर्नेः यस आदेश बमोजिमको कार्यको अनुगमन मन्त्रालयले गर्नेछ ।

१०. मन्त्रालयले आवश्यक व्यवस्था गर्नेः यस आदेशको कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ परेमा मन्त्रालयले त्यस्तो बाधा अड्काउ फुकाउन आवश्यक व्यवस्था गर्नेछ ।

**अनुसूची -१**

दफा ७ को उपदफा (१) सँग सम्बन्धित

**<u>अनुदान रकम प्राप्त गर्न दिने निवेदनको ढाँचा</u>**

**श्री ......................,**

**मितिः .....................**

**बिषयः अनुदान रकम भुक्तानी बारे ।**

उपरोक्त सम्बन्धमा यो अस्पताल कोभिड-१९ को संक्रमणको शंका तथा कोभिड-१९ संक्रमणको पुष्टि भएका बिरामीलाई उपचार गर्नका लागि कोरोना भाईरस (कोभिड-१९) को उपचार बापत अस्पतालहरूलाई अनुदान उपलब्ध गराउने सम्बन्धी आदेश, २०७७ बमोजिम सूचिकृत भएको अस्पताल हो । यस अस्पतालले मिति २०७.।..।.. देखि मिति ................ सम्ममा देहायका विवरणका जम्मा .... जना बिमारीलाई उपचार गरेको हुँदा सो बापत कोरोना भाईरस (कोभिड-१९) को उपचार बापत अस्पतालहरूलाई अनुदान उपलब्ध गराउने सम्बन्धी आदेश, २०७७ बमोजिम यस अस्पतालले पाउनु पर्ने अनुदान रकम रु. .................... ।- (..........................) उपलब्ध गराई दिनु हुन आवश्यक बिल भरपाई सहितका कागजातहरु यसै निवेदन साथ संलग्न गरी यो निवेदन पेश गरेको छु ।

**(क) संक्रमण पुष्टिहुनु पूर्व आईसोलेसनमा राखि उपचार गरिएका बिरामीको विवरण ।**

| क्र.सं. | बिरामीको नाम, थर र ठेगाना | बिरामीको फोन नं. | भर्ना मिति | डिस्चार्ज मिति | प्रदान गरीएको स्वास्थ्य सेवाको संक्षिप्त विवरण |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

**(ख) संक्रमण पुष्टि भए पश्चात डेडिकेटेड वार्ड वा आईसियूमा राखि उपचार गरिएका बिरामीको विवरण ।**

| क्र.सं. | बिरामीको नाम, थर र ठेगाना | बिरामीको फोन नं. | भर्ना मिति | डिस्चार्ज मिति | प्रदान गरीएको स्वास्थ्य सेवाको संक्षिप्त विवरण |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

अस्पतालको छाप

निवेदक